जेष्ठ, २०८०

# विपद् प्रतिकार्य एकीकृत नमूना अभ्यास सम्बन्धी बुलेटिन

रामेछाप जिल्लामा घट्न सक्ने विभिन्न विपद्का घटनाहरुमा सरोकारवाला निकायहरुले निर्वाह गर्नुपर्ने भूमिका र समन्वयलाई थप मजवुत गराउन विपद्जन्य विभिन्न घटनाहरु मध्ये ग्यास सिलिण्डरबाट हुने आगलागी, डेङ्गु नियन्त्रण, वाढीपहिरो, भूकम्प, वन आगलागी लगायतसँग सम्बन्धित विपद्जन्य घटनाहरुको प्रतिकार्य गर्नको लागि कृतिम नमूना अभ्यास गर्ने जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८०/०२/१६ को निर्णयानुसार यसै महिनाको २२ गतेदेखि २५ गतेसम्म विपद् प्रतिकार्यका सम्बन्धी जिल्ला प्रशासन कार्यालयको समन्वयमा मन्थली नगरपालिका, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रस सोसाईटी साथै अन्य सरोकारवाला निकाय र संघ/संस्थाहरुको सहकार्यमा देहायका क्रियाकलापहरु संचालन गरियो ।

## संचालन भएका नमुना अभ्यासका कार्यक्रमहरुः

१. मिति २०८०/०२/२२ गते मन्थली न.पा.-२ आकाशेस्थित चौकापाखा सामुदायिक वनमा विश्व वातावरण दिवसको अवसरमा विभिन्न जातका बोटविरुवाहरु वृक्षारोपण गरी कार्यक्रम शुभारम्भ गरे पश्चात सोही दिन जिल्लाका विभिन्न सामुदायिक वनका प्रतिनिधिहरु, सुरक्षा निकाय, स्थानीय वासिन्दा तथा सरोकारवाला व्यक्तिहरुलाई वन डडेलो नियन्त्रण सम्बन्धमा डिभिजन वन कार्यालयबाट आगलागी नियन्त्रण सम्बन्धी कक्षा र नेपाली सेनाको श्री नयाँ गोरख गणबाट जिल्ला अस्पताल, रामेछाप नजिकको वनमा २०८० बैशाख २९ गते भएको डढेलोको घटना अध्ययन प्रस्तुत गरिएको ।





साथै दैनिक रुपमा प्रयोग गरिने ग्यास सिलिण्डरमा लागेको आगोलाई कसरी नियन्त्रण गर्न सकिन्छ भन्ने उपायहरुको बारेमा जिल्ला समन्वय समितिको खुल्ला चउरमा स्थानीयहरुको सहभागीतामा डेमो प्रदर्शन गरेको ।

२. मिति २०८०/०२/२३ गते हाल फैलिरहेको डेंगु रोगलाई मध्यनजर गरी मन्थली मा.वि.मा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थीहरुलाई समावेश गरी डेंगु रोगको बारेमा सचेतनामूलक कक्षा संचालन, रोग नियन्त्रणको उपायहरु बारे जानकारी गराउनुको साथै नेपाली सेना, अन्य सुरक्षा निकाय, नगरपालिका, स्थानीयवासीहरुको सहभागितामा मन्थली न.पा.-१ मन्थली बजार वरपर, हाटेचौर परिसरमा सरसफाई, खाल्डाखुल्डी





पुर्नुको साथै सचेतना मुलक कार्यक्रम संचालन गरिएको । साथै जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला रेडक्रस, नेपाली सेना तथा सबै सुरक्षा निकायहरुको सहभागितामा तामाकोशी नदी वरपर बसोबास गर्ने बासिन्दाहरुलाई बाढी, पहिरो तथा डुबानबाट कसरी सुरक्षित स्थानमा व्यवस्थापन, रेस्क्यु तथा उपचार गर्न सकिन्छ भन्ने सम्बन्धमा तयारी अभ्यास गरिएको र विद्यालयमा भूकम्प प्रतिकार्य पूर्व तयारीमा सहयोग पुऱ्याउने हेतुले नेपाली सेनाद्वारा नागकन्या मा.बि.का शिक्षकहरुलाई पूर्व योजना बारे कक्षा संचालन तथा विद्यार्थीहरुलाई सहभागिता गराई नमूना अभ्यास समेत संचालन गरिएको ।



३. मिति २०८०।०२।२५ रामेछाप जिल्ला मन्थली न.पा.१, मन्थली स्थित एयरपोर्ट नजिक रहेको खुल्ला स्थान र तामाकोसी नदीमा मनसुन सम्बन्धी विविध विपद् प्रतिकार्य सचेतनामुलक सिमुलेसन अभ्यास संचालन गरिएको, उक्त सिमुलेसन अभ्यासमा प्रमुख जिल्ला अधिकारी, सरकारी तथा गैह सरकारी निकायका प्रमुखहरु तथा स्थानीयवासीको प्रत्यक्ष सहभागिता रहेको । नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीद्धारा विपद्को समयमा हुन सक्ने जोखिमलाई न्यूनीकरण तथा उद्धार सम्बन्धमा संयुक्त सिमुलेशन अभ्यास संचालन गरिएको ।



## सिकाईः

जिल्ला विपद् व्यवस्थापन समितिको आयोजना र सरोकारवाला निकायसँगको सहकार्यमा भएको ४ दिने विपद् प्रतिकार्य सम्बन्धी सचेतनामूलक सिमुलेसन अभ्यास तथा सचेतनामुलक कार्यक्रमले जिल्लाका विपद्का दृष्टिले संवेदनशील स्थानहरुमा बसोबास गर्ने स्थानीयवासीलाई कसरी सुरक्षित राख्न सकिन्छ भन्ने सम्बन्धमा संचालन भएको सचेतनामूलक विपद् प्रतिकार्यका लागि गरिएको नमुना अभ्यासमा जिल्ला प्रशासन कार्यालय, जिल्ला रेडक्रस, जिल्ला जनस्वास्थ्य कार्यालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको प्रत्यक्ष सहभागिता रहेको । उक्त अभ्यासमा आ-आफ्नो भूमिका र जिम्मेवारी सम्बन्धमा संयुक्त प्रतिकार्य अभ्यास संचालन गरिएकोले निकट भविष्यमा यस्तै विपद् सम्बन्धी जोखिम आई परेमा प्रभावकारी प्रतिकार्यको अनुभूति दिलाउनुको साथै जोखिम न्यूनीकरण गर्न सरोकारवाला निकायको भूमिका र समन्वय थप मजवुत हुने कुराको सिकाई भएको ।




